# देवघाट गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक मितिः२०८१।०९।२१ गते आइतबार — बैठक समयः दिनको ०१:३० बजे

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

बैठक संख्याः ०८-२०८१/०८२ — स्थानः गाउँ कार्यपालिकाको कार्यालय

<u>उपस्थितिः</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तिल बहादुर थापा | गा.पा.अध्यक्ष | | |
| २ | श्री भुवन सिं गुरुङ | गा.पा.उपाध्यक्ष | | |
| ३ | श्री मनि राज गुरुङ | १ नं. वडाअध्यक्ष | | |
| ४ | श्री मीन बहादुर राना मगर | २ नं. वडाअध्यक्ष | | |
| ५ | श्री टेक बहादुर आले | ३ नं. वडाअध्यक्ष | | |
| ६ | श्री मित्र लाल गुरुङ | ४ नं. वडाअध्यक्ष | | |
| ७ | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाअध्यक्ष | | |
| ८ | श्री बाल कुमारी परियार | कार्यपालिका सदस्य | | |
| ९ | श्री हुम माया खान | कार्यपालिका सदस्य | | |
| १० | श्री यम माया गुरुङ | कार्यपालिका सदस्य | | |
| ११ | श्री मन माया वि.क. | कार्यपालिका सदस्य | | |
| १२ | श्री गंगा सिं वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री बाबुराम परियार | कार्यपालिका सदस्य | | |
| १४ | दिनेश सारु | सदस्य सचिव | | |
| | अन्य उपस्थिति | | | |
| | तीर्थराज गुरुङ | इन्जिनियर | | |
| | जीवन गुरुङ | जन-जीविका [illegible] | | |
| | कर्ण बहादुर गुरुङ | रोजगार संयोजक | | |
| | [illegible] | ले.अ. | | |

**<u>प्रस्तावहरुः</u>**

प्रस्ताव नं.१ : समीक्षा सम्बन्धमा।

प्रस्ताव नं.२ : गाउँसभाको कार्यसूची सम्बन्धमा।

प्रस्ताव नं.३: अन्य विविध।

देवघाट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## निर्णयहरु:

निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

निर्णय नं.२ : प्रस्ताव नं. २ माथि छलफल गर्दा यस देवघाट गाउँपालिका गाउँसभाको १५ औं अधिवेशनमा कार्यसूची बमोजिम निम्न निर्णयहरु सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

क. चालू आर्थिक बर्षको हालसम्मको न्यायिक समितिको प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्दै अनुमोदनका लागि न्यायिक समितिका संयोजक एवं उपाध्यक्ष श्री भुवन सिं गुरुङ ज्यु द्धारा सभा समक्ष पेश गर्ने निर्णय गरियो।

ख. महालेखा परिक्षकको कार्यालयद्धारा विभिन्न बर्षहरुमा औल्याइएका नियमित गर्ने प्रकृतिका बेरुजु रकमलाइ नियमित गराइ रुजु गराउने प्रयोजनार्थ सार्वजनिक लेखा समिति द्धारा प्रस्तुत प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्दै अनुमोदनका लागि समितिका संयोजक श्री याम बहादुर मगर द्धारा सभा समक्ष पेश गर्ने निर्णय गरियो।

ग. देवघाट गाउँपालिकाको आर्थिक ऐन,२०८१ को प्रथम संशोधन विधेयक,२०८१ सर्वसम्मत रुपमा स्विकृत गर्दै अनुमोदन तथा पारितको लागि उपाध्यक्ष श्री भुवन सिं गुरुङ द्धारा सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो। (अनुसूची १ )

घ. देवघाट गाउँपालिकाको विनियोजन ऐन,२०८१ को प्रथम संशोधन विधेयक,२०८१ सर्वसम्मत रुपमा स्विकृत गर्दै अनुमोदन तथा पारितको लागि उपाध्यक्ष श्री भुवन सिं गुरुङ द्धारा सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो। (अनुसूची २ )

निर्णय नं.३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियो।

क. लोक सेवा आयोगको सिफारिसमा यस कार्यालयमा स्थायी नियुक्ती लिई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय बमोजिम यस कार्यलयबाट खाँडाचक्र नगरपालिका कालिकोटमा कामकाज खटाईएका तपशिलका स्थानीय सेवा,सिभिल इन्जिनियरिङ्ग समुहका कर्मचारीहरुलाई कामकाज गर्न खटिएकै स्थानिय तहको समान पदमा पदस्थापन गर्ने सहमति प्रदान गर्ने निर्णय गरियो।

अ. प्रकाश न्यौपाने;सब. इन्जिनियर,पाँचौ तह

आ. सुजन बहादुर साही;अ.सब.इन्जिनियर,चौथो तह

ख. यस देवघाट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा तथा स्वास्थ्य संस्थाहरुमा चालू आ.व.को सुरुमा करार सम्झौता भई विभिन्न पदहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करारको म्याद २०८१ पुस मसान्त सम्म रहेकोमा साविककै शर्त तथा सम्झौता बमोजिम हुने गरि सम्पूर्ण *(वडा नं १ र ३ को कार्यालयमा कार्यरत कार्यालय सहायक श्री सशि थापा मगर र अनिरुद्र काफ्ले बाहेक)* सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करारको अवधि २०८२ असार मसान्त सम्म थप गरि निरन्तरता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

ग. यस देवघाट गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गतका घाटहरुबाट नदिजन्य पदार्थ ढुंगा,गिट्टी बालुवा आदि उत्खनन,संकलन तथा बिक्री व्यवस्थापन गर्ने सम्बन्धमा राजस्व परामर्श समितिको सिफारिस बमोजिम परिमाण कायम हुने गरि आय ठेक्का बन्दोबस्त गर्ने सर्वसम्मत निर्णय गरियो।

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष